जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३५ २०८० साल बैशाख ९ गते शनिबार (22 Apr. 2023 Saturday) मूल्य रु. ५/-


**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि


*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : काठमाडौंको आकाश कहिल... ३ पृष्ठमा : नेपालमा कर तिर्दैनन्.. ३ पृष्ठमा : भारत सरकार सुडानबाट आफ्ना ...

# कारागारमा कैदीको चाप हुँदा त्रासमा कैदीबन्दी, एक जना कैदीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

मानव वेचविखन ओसार पोसार मुद्दामा राजविराज कारागारमा जेल जिवन विताईरहेका एक कैदीबन्दीको उपचारका क्रममा मृत्यु भएको छ ।

विगत दुई वर्षदेखि मानव वेचविखन ओसार पोसार मुद्दामा कैदी जिवन बिताइरहेका सप्तरीको महादेवा गाउँपालिका ३ बथनाहाका ५४ वर्षिय मिथलेश कुमार यादवको विहिवार मध्यराती उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनी केही दिन यता कलेजो रोगबाट पीडित भएको तथा दिनहु जसो स्थानीय गजेन्द्र नारायण सिह अस्पताल उपचारका लागी प्रहरीको निगरानीमा पुग्ने गरेको कारागारका सूचना अधिकारी सन्तोष यादवले जानकारी दिएका छन् ।

विहिवार साँझ अचानक छातीमा पीडा र खुट्टा सुन्निएपछी उनलाई उपचारका लागी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गरिएको तथा अवस्था जटिल बन्दै गएपछी थप उपचारका लागी विराटनगरस्थित कोशी अस्पताल पठाइएको र उपचारकै क्रममा मध्यराती तिर उनको मृत्यु भएको जेलर किशोर रामले जानकारी दिए ।




सप्तरी जिल्ला अदालतले सो मुद्दामा उनलाई ५ वर्ष कैद सजाय तोकेपछि २०७७ साल चैत्त ११ गतेदेखि उनी कैद भुक्तानका लागी कारागारमा रहेको राजविराज कारागारका सूचना अधिकारी यादवले बताए ।

मुतकको शव शुक्रवार विराटनगरबाट ल्याइ आफन्तलाई बुझाइएको सकिएको तथा मृतककी पत्नी मन्जुले शव संगै किरिया खर्च वापत ११ हजार तथा यातायात खर्च वापत २ हजार ५ सय रुपैया बुझिलिएको कारागार प्रशासनले जनाएको छ ।

एक सय ५५ जना क्षमता भएको राजविराज कारागारमा अहिले क्षमता भन्दा तेब्बर ३ सय ९१ जना कैदीबन्दी राखिएका छन् । कोठाको अभावमा कोचाकोच गरी राख्दा अन्य कैदी बन्दी पनि रोग सर्ने भयले त्रासमा छन् ।

# तातो हावा तथा 'लु' बाट बच्न मन्त्रालयको आग्रह

काठमाडौं, ८ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तराईमा गर्मी बढेसँगै 'लु' बाट बच्न आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले तापक्रम बढेसँगै तराईका जिल्लामा तातो हावासँगै लु चल्ने सक्ने भएकाले बच्न सबैलाई आग्रह गर्नुभएको छ ।

मन्त्रालयले तातो हावा वा लुबाट बच्नका लागि दिउँसो घरबाट बाहिर ननिस्कन, बाहिर निस्कन परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्न, फलफूलको रस र पानी पिउन तथा धेरै पसिना आएमा जीवनजल खाना आग्रह गरेको छ ।

यस्तै, चिसो पानीमा नुहाउन, चिया, कफी, सोडा जस्ता पेयपदार्थ नखान, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्न, मदिरा सेवन नगर्न र चिनीको मात्रा बढी भएको झोल पदार्थ पनि नखान मन्त्रालयले आग्रह गरेको छ ।

तातो हावा वा तथा लुले हृदयको गति तीव्र बनाउने, श्वासप्रश्वास र रक्तचाप कम हुने, शरीरबाट पसिना ननिस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने र अचेत हुने जस्ता समस्या देखापर्दछन् ।

यस्तै, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुने, छाला सुक्खा, रातो र तातो हुने गर्दछ ।


- अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
- अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं।
- अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
- अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकिकृत बजारीकरण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कोरोना संक्रमणबाट थप एकको मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ बैशाख ।**

कोरोना संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । यसअघि बैशाख ५ गते दुई जनाको मृत्यु भएको थियो ।

पछिल्लो २४ घण्टामा थप एकजनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार शुक्राबार मात्रै थप १ सय ६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

संक्रमण दिनप्रतिदिन बढ्दै गएपछि स्वास्थ्य मन्त्रालयले कोरोनाविरुद्धको बुस्टर डोज लगाउन सबैमा आग्रह गरेको छ ।

पछिल्लो २४ घण्टामा १ हजार ८ सय ८३ नमुनामध्ये ५८१ जनाको पीसीआर परीक्षण गर्दा ६४ जना र १ हजार ३ सय २ जनाको एन्टीजेन परीक्षण गर्दा ४२ जना गरी १ सय ६ जनामा कोरोना संक्रमण देखिएको हो ।

यस्तै कोरोना संक्रिय संक्रमितको संख्या ४ सय १४ पुगेको छ भने संस्थागत आईशोलेशनमा २५ जना, आईसीयूमा ७ जना र भेन्टिलेटरमा ३ जना उपचाररत छन् ।

# सीमानाका तीन दिन बन्द

बारा, ८ वैशाख (रासस) ।

वैशाख १० गते बारा क्षेत्र नं २ मा हुन गइरहेको उपनिर्वाचनलाई ध्यानमा राखि शुक्रबारदेखि तीन दिनसम्म जिल्लासित जोडिएका भारतीय सीमानाका बन्द गरिने भएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साले सूचना जारी गरी शुक्रबार राति १२ बजेदेखि आइतबार राति १२ बजेसम्म जिल्लासित जोडिएका भारतीय सीमानाका बन्द रहने जनाएको छ । उपनिर्वाचनलाई मध्यनजर गरी सीमानाका बन्द गर्न लागिएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताउनुभयो ।

यस्तै मतदानकार्य सम्पन्न नभएसम्म जिल्लाभरि मादक पदार्थ ओसारपसार, बिक्री-वितरण र सेवनमा रोक लगाइएको छ । बारा क्षेत्र नं २ भित्र पर्ने हुलाकी राजमार्गलगायत सम्पूण राजमार्गमा वैशाख ९ गते राति १२ बजेदेखि वैशाख १० गते साँझ ७ बजेसम्मका लागि अत्यावश्यकबाहेक सम्पूर्ण आवागमन बन्द गरिएको प्रजिअ सापकोटाले जानकारी दिनुभयो ।


सूचना । सूचना ।। सूचना ।।।

**जनहितमा जारी सूचना**

हावाहुरी तथा खडेरीको मौसम शुरु भएको हुँदा कुनै पनि समयमा मौसम परिवर्तन भई हावाहुरी तथा आगलागी जस्ता विपत हुन सक्ने भएकोले समयमै सचेत भई बदलिदो मौसम अनुरुप सतर्क रहन र विपत व्यवस्थापनमा चनाखो भई त्यसबाट हुने धनजनको क्षति न्युनिकरणका उपाय अपनाउन सर्वसाधारणका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो**
सप्तरी, मधेश प्रदेश

## सम्पादकीय ....

### वर्तमान तीन समस्यासँग जुद्धदै हामी

अहिले हामी वर्तमान अवस्थामा तीन वटा समस्याले गस्नित भएका छौं । पहिलो तापक्रम बढ्दै जाँदा जनजिवन अस्तव्यस्त बनेको छ । त्यस्तै कोरोनाको संक्रमितहरु बढ्दै गएको छ भने मुल्यबृद्धिले समेत झनै समस्या थपिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तराईमा गर्मी बढेसँगै 'लु' बाट बच्न आग्रह गरेको छ । तापक्रम बढेसँगै तराईका जिल्लामा तातो हावासँगै लु चल्ने सक्ने भएकाले बच्न सबैलाई आग्रह गरिएको छ । मन्त्रालयले तातो हावा वा लुबाट बच्नका लागि दिउँसो घरबाट बाहिर ननिस्कन, बाहिर निस्कन परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्न, फलफूलको रस र पानी पिउन तथा धेरै पसिना आएमा जीवनजल खाना आग्रह गरेको छ । तातो हावा वा तथा लुले हृदयको गति तीव्र बनाउने, श्वासप्रश्वास र रक्तचाप कम हुने, शरीरबाट पसिना ननिस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने र अचेत हुने जस्ता समस्या देखापर्दछन् ।

अर्कोतिर तापक्रमसँगै कोरोनाको त्रास पनि बढेको छ । केही दिनयता नेपालमा कोरोना बिरामीहरु बढिरहेको छ । विगत चार दिनमा तीन जनाको मृत्यु भइसकेको छ । महामारीलाई ध्यानमा राख्दै सरकारले दिनहुँ मानिसहरुलाई सचेत रहन आग्रह पनि गरिरहेको छ । संक्रमण दिनप्रतिदिन बढ्दै गएपछि स्वास्थ्य मन्त्रालयले कोरोनाविरुद्धको बुस्टर डोज लगाउन सबैमा आग्रह समेत गरेको छ ।

यस्तै जनता मुल्यबृद्धिका कारण पनि थप समस्यामा परेका छन् । विभिन्न खाद्यान्न तथा अन्य सामाग्रिहरुमा मुल्य बृद्धि भएपछि न्युन आय भएका व्यक्तिहरु यसबाट बढी प्रभावित भएका छन् । यता आर्थिक संकट भइरहेको बेला व्यापार तथा उद्योगहरु आर्थिक संकटमा परेका छन् । कतिपय व्यापारीहरु पसलको भाडा तिर्न नसक्दा व्यापार समेत बन्द गरेका छन् । यी समस्याहरु मध्ये तापक्रम बढ्नु भनेको प्राकृतिक समस्या हो । यसबाट बच्न हामी स्वंम सतर्क रहनुपर्दछ । यस्तै कोरोना महामारीलाई सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई पालना गरे मात्र परास्त गर्न सक्ने कुरामा दुई मत नहोला । अन्तिममा मुल्य बृद्धि सरकारबाटै नियन्त्रण हुने कुरा हो । यसका लागि सरकारी स्तरबाटै पहल हुनु पर्ने देखिन्छ । यसका लागि तीनै तहका सरकारले हातेमालो गर्न जरुरी छ ।

# काठमाडौंको आकाश कहिले खुल्छ ?

**सिबी अधिकारी**

काठमाडौँ, ८ वैशाख (रासस) ।

सङ्घीय राजधानी काठमाडौँको आकाश पछिल्लो एक सातादेखि धुलोयुक्त बाक्लो तुवाँलोले ढाकेको छ । मौसममा आएको फेरबदलले काठमाडौँको अधिकतम तापक्रम वृद्धि भई ३३ डिग्री हाराहारी पुगेको छ । मौसम बदलीसँगै अधिकतम तापक्रम निरन्तर बढिरहेकाले काठमाडौँमा निकै गर्मी महसुस गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार एक सातादेखि अधिकतम तापक्रम बढेर तराई क्षेत्रमा ४० देखि ४३ डिग्री हाराहारी पुगेको छ । शुक्रबार सबैभन्दा बढी भैरहवाको अधिकतम तापक्रम ४२ दशमलव ३ डिग्रिसेल्सियस छ । नेपालगञ्ज र जनकपुरको तापक्रम ३९ डिग्रिसेल्सियस पुगेको छ ।ण

शुक्रबार काठमाडौँको अधिकतम ३३ र न्यूनतम तापक्रम १६ डिग्री सेल्सियस छ । बिहीबार काठमाडौँको अधिकतम तापक्रम ३३ डिग्रीसेल्सियस र न्यूनतम तापक्रम १५ दशमलव ८ डिग्रिसेल्सियस रहेको थियो । काठमाडौँमा पछिल्लो एक सातादेखि अधिकतम तापक्रम ३० देखि ३३ पुगेको छ । तापक्रम बढेकाले तराई क्षेत्रमा मात्रै नभइ काठमाडौँसहित पहाडी भेगमा समेत गर्मी बढेको छ ।

एकातर्फ अधिकतम तापक्रम वृद्धि भएको र अर्कोतर्फ वन डढेलोका घटना पनि बढिरहेकाले वायु प्रदूषण बढेको हो । तापक्रम वृद्धि र वन डढेलोका घटनाले काठमाडौँसहित देशभर वायु प्रदूषणसमेत बढेको विज्ञहरूको भनाइ छ ।

वातावरणविद् भूषण तुलाधरका अनुसार सामान्यतः यो मौसन प्रदूषित हुने र पछिल्ला दिनमा देशका विभिन्न भागमा वन डढेलोका कारण वायु प्रदूषण बढेकोहो । जलवायु परिवर्तनका कारण लामो समय पानी नपरेकाले वन डढेलोका घटना बढिरहेको र यसले वातावरणमा प्रत्यक्ष असर पुर्‍याइरहेको उहाँको भनाइ छ ।

तापक्रम वृद्धि भएसँगै वन डढेलोका घटना पनि ह्वात्तै बढेका छन् । सुक्खा खडेरी बढ्दो क्रमसँगै बुधबार मात्र देशभर एकै दिन १७ जिल्लामा तीन सय ७९ स्थानमा डढेलो लागेको थियो । बढ्दो तापक्रम, प्रतिकूल मौसम, वनमा रहेको ज्वलनशील पदार्थको उपस्थिति तथा भौगोलिक विकटताका कारण वन डढेलो नियन्त्रण र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

वन तथा भू-संरक्षण विभागले दिएको जानकारीअनुसार बुधबार एकै दिन तीन सय ७९ डढेलोका घटना यस वर्षकै सबैभन्दा उच्च हो । वन डढेलोबाट निस्केको धुवाँका कारण देशभरको आकाश तुवाँलोले ढाकेको छ भने यसको वायु प्रदूषणले जनस्वास्थ्यमा समस्या देखिन थालेको छ ।

वातावरणविद् तुलाधरले वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा गम्भीर असर परिरहेको बताउनुभयो । उहाँले वायु प्रदूषणले श्वासप्रश्वास, मुटु क्यान्सरलगायत दीर्घरोगको खतरा रहेको उहाँको भनाइ छ । "वायु प्रदूषण बढ्नुमा डढेलोको पनि मुख्य भूमिका छ, वन डढेलो लाग्ने दुई कारणमध्ये पहिलो मानवीय क्रियाकलाप र दोस्रो जलवायु परिवर्तनका कारण लामो समय वर्षा नभएर सुक्खापना बढिरहेकाले डढेलोको जोखिम बढाएको छ", उहाँले भन्नुभयो ।

वायु प्रदूषण नियन्त्रणका लागि तत्कालै डढेलो नियन्त्रण र आगामी दिनमा यसको जोखिम न्यूनीकरणमा रणनीतिक योजना आवश्यक रहेको उहाँको भनाइ छ । "यो तापक्रम बढ्ने बेला भए पनि बीचबीचमा बादल थपिँदा तापक्रममा केही कमी हुने वा उस्तै रहने अवस्था हुन्थ्यो तर अहिले भने तापक्रम लगातार बढिरहेको छ", मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले भन्नुभयो । साथै नयाँ मौसमी प्रणाली विकास नहुँदा मौसम स्थिर रहेको उहाँको भनाइ छ ।

महाशाखाका मौसमविद् गोविन्द झाले पश्चिमी वायुको सक्रियतासँगै स्थानीय वायुको प्रभाव देखिएकाले बदली र वर्षा गराएको बताउनुभयो । बादल लागेर बर्सात हुने भएकाले विगत केही दिनको तुलनामा अबका दिनमा तापक्रम क्रमशः घट्ने उहाँको भनाइ छ । "अबको केही दिनसम्म यही मौसमी प्रणाली कायम रहे पनि आइतबारदेखि मौसम क्रमिकरूपमा सुधार आउने छ", मौसमविद् झाले भन्नुभयो ।

दुई वर्षअघि चैतमा वायु प्रदूषण अत्यधिक बढेकाले स्वास्थ्यमा हुनसक्ने जोखिमलाई दृष्टिगत गर्दै सरकारले चार दिन विद्यालय बन्द गरेको थियो । तराईमा तापक्रम वृद्धि भएसँगै लुसमेत चलेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तराईमा गर्मी बढेसँगै 'लु' बाट बच्न आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले तापक्रम बढेसँगै तराईका जिल्लामा तातो हावासँगै लु चल्न सक्ने भएकाले बच्न सबैलाई आग्रह गर्नुभयो । मन्त्रालयले तातो हावा वा लुबाट बच्नका लागि दिउँसो घरबाट बाहिर ननिस्कन, बाहिर निस्कन परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्न, फलफूलको रस र पानी पिउन तथा धेरै पसिना आएमा जीवनजल खाना आग्रह गरेको छ ।

नेपालमा खासगरी माघदेखि जेठसम्म बढी वनमा डढेलो लाग्ने गरेको छ । विभागको तथ्याङ्कअनुसार यही वैशाख १ गते २६ जिल्लाका एक सय १२, वैशाख २ गते आठ जिल्लाका २८, वैशाख ३ गते १२ जिल्लाका ३२, वैशाख ४ गते १० जिल्लाका ६४ र वैशाख ५ गते ३३ जिल्लाका एक सय ८० स्थानमा डढेलो लागेको थियो ।

नेपालमा विशेषगरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका सहायक वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिनुभयो । पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलो बीचको दुष्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नाका साथै डढेलोका घटनासमेत वृद्धि हुँदै आएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार सन् २००८ देखि सन् २०२१ सम्म वन डढेलोका ३४ हजार सात सय २५ घटना घटेका छन् ।

# नेपाल-भारत पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको बैठक वैशाख १२ मा

काठमाडौँ, ८ वैशाख (रासस) ।

सरकारले नेपाल-भारत पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्यसमूहको चौथो बैठक आयोजना गर्ने निर्णय गरेको छ । यही वैशाख ५ गते बसेको मन्त्रिपरिषद् बैठकले वैशाख १२ गते काठमाडौँमा दुई देशका सहसचिवस्तरीय बैठक आयोजना गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

बैठकले भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृति, राष्ट्रिय सतर्कता केन्द्र सञ्चालनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति, दक्षिण कोरिया र चीनमा आयोजना हुने कार्यक्रममा सहभागी हुन महान्यायाधिवक्ता कार्यालयका तीन जना नायब महान्यायाधिवक्तालाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद्ले अजरबैजानको बाकुमा आयोजना हुने एसडिजिएसको संयुक्त कार्यसमूहको स्थलगत वार्षिक बैठकमा सहभागी हुन उपमहालेखापरीक्षक राममाया कुँवरलाई स्वीकृति प्रदान गरेको छ ।

बैठकले लेखापरीक्षणमान बोर्डको सदस्यमा चार्टर्ड एकाउन्टेन्ट भोजराज पाण्डेलाई मनोनय गर्ने, सार्वजनिक संस्थान सुझाव समिति अवधारणापत्र, २०८० स्वीकृत गरी शङ्करप्रसाद अधिकारीको संयोजकत्वमा तीन सदस्यीय सार्वजनिक संस्थान सुझाव समिति गठन गरेको छ ।

सरकारले जिल्ला समन्वय समिति प्यूठानका नाममा दर्ता रहेको साविक विजयनगर गाविस वडा नं २ स्थित दुई आना दुई पैसा र पाँच रोपनी छ आना तीन पैसा एक दाम जग्गा स्वास्थ्य कार्यालय प्यूठानको प्रशासनिक भवन निर्माणार्थ उपयोग गर्न स्वीकृति दिएको छ ।

यस्तै बैठकले स्याङ्जाको साविक पुतलीबजार गाविस वडा नं ९ स्थित चार रोपनी एक आना एक पैसा तीन दाम र ११ रोपनी एक आना दुई पैसा दुई दाम सार्वजनिक जग्गा ३० वर्षका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाको भवन निर्माणार्थ प्रयोग गर्न स्वीकृति दिने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिनुभयो ।

बैठकले काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाका लागि जग्गा प्राप्त गर्न स्वीकृति तथा सो आयोजनाको निर्माण अवधि २०८३ चैत मसान्तसम्म थप गर्ने निर्णय गरेको छ । नेपाली सेनाका एक महासेनानीलाई सहायकरथीमा, एक प्रमुख सेनानीलाई महासेनानीमा, एक सेनानीलाई प्रमुख सेनानीमा मानार्थ बढुवा र दुई महासेनानीको सरुवा गरेको छ ।

सरकारले सुनिगाड जलविद्युत् आयोजनाका लागि बझाङको जयपृथ्वी नगरपालिका-११, सुर्मा गाउँपालिका-१ र तेलकोट गाउँपालिका-१ र २ मा रहेको राष्ट्रिय वन क्षेत्रको चार दशमलव ८४ हेक्टर जग्गा २५ वर्ष तथा माथिल्लो रिचेत खोला जलविद्युत् आयोजनाका लागि गोरखाको आरुघाट गाउँपालिका-१ र धार्चे गाउँपालिका-६ मा रहेको राष्ट्रिय वनभित्रको दुई दशमलव ७५ हेक्टर जग्गा ३० वर्षसम्म प्रयोग गर्न स्वीकृति दिएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा कर तिर्दैनन् सामाजिक सञ्जाल, फेसबुकले मात्रै लैजान्छ ६० अर्बभन्दा बढी नाफा

**हेमन्त जोशी**

काठमाडौँ, ८ वैशाख (रासस)। नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भए पनि अधिकांश कम्पनी कर प्रणाली बाहिर छन्।

चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत् सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स)सम्बन्धी व्यवस्था गरेको थियो। तर हालसम्म दुईवटा कम्पनी मात्रै डिजिटल सर्भिस ट्याक्स प्रणालीमा दर्ता भएको आन्तरिक राजस्व विभागले जनाएको छ।

"हालसम्म गुगल र इक्स्को इन्क भन्ने दुईवटा कम्पनी मात्रै डिएसटीमा आवद्ध भएका छन्। अरु कम्पनीले पनि चासो देखाइरहेका छन्। तर यस्तो कर प्रणाली हाम्रा लागि नयाँ व्यवस्था भएकाले बाध्यकारी हुन नसक्दा अरु कम्पनीलाई कसरी करको दायरामा ल्याउने भन्ने चुनौती छ।", आन्तरिक राजस्व विभागका प्रवक्ता राजुप्रसाद प्याकुरेलले भन्नुभयो।

चालु आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनि व्यवस्था गरेको थियो। वार्षिक रू २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ।

ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ। तर विभागमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन। विभागमा दर्ता भइसकेका यस्ता विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएकालाई कस्तो कारबाही हुने भन्ने स्पष्ट नरहेको प्रवक्ता प्याकुरेल बताउनुहुन्छ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शुल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ। यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ। तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्यरुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिँदैन।

नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले नै देखाएका छन्। मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९'ले पछिल्ला वर्षमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरि रहेको उल्लेख गरेको छ। "नेपालमा कानूनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ। त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्।" प्रतिवेदनमा भनिएको छ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ। "बजारसम्बन्धी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रति विज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ। सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो," राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ।"

**अरु देशको प्रावधान**

बङ्गलादेशमा नेशनल बोर्ड अफ रेभेन्यूले फेसबुक, गुगलजस्ता कम्पनीलाई दर्ता गरेर १५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन गर्दै आएको छ। त्यसका अतिरिक्त गैर वासिन्दालाई अनलाइन विज्ञापनबापत रकम भुक्तानी गर्दा १५ प्रतिशत टिडिएस लाग्ने व्यवस्था रहेको छ।

त्यस्तै, भारतमा पनि फेसबुकलगायत ठूला अनलाइन् व्यवसाय दर्ता भई व्यवसाय सञ्चालन गर्दै आएका छन्। भारतमा अनलाइनबाट विज्ञापन गर्दा १८ प्रतिशत वस्तु तथा सेवा कर (जीएसटी) र आयकरका रुपमा दुई प्रतिशत टिडिएस लाग्दै आएको छ।

हालको अनौपचारिक माध्यमबाट नेपालमा दर्ता नभएका कम्पनी, गैरबासिन्दाबाट विज्ञापन गर्दा वा अनलाइन सेवा लिँदा ग्राहकले सम्बन्धित देशको कर तथा दश प्रतिशतको हाराहारीमा सेवा शुल्क भुक्तानी गर्दै आइरहेको राजस्व परामर्श समितिको प्रतिवेदनमा उल्लेख छ। यस्ता कम्पनी नेपालमा दर्ता भएर विज्ञापन गर्दा अन्य देशको भन्दा सस्तो पर्ने र नेपालमा राजस्व पनि बढ्ने ठानिएको छ।

उदाहरणको लागि फेसबुकबाट विज्ञापन गर्दा कुन देशको ठेगानाबाट विज्ञापन गर्ने भनी छनौट गर्नुपर्दछ। मानौं भारत छनौट गरेमा फेसबुकबाट विज्ञापन गर्दा लाग्ने शुल्कमा १८ प्रतिशत जीएसटीसहितको रकम भुक्तानी गर्नुपर्दछ। अनौपचारिकरुपमा विज्ञापन गर्दा सो अठार प्रतिशत पछिको रकममा दश प्रतिशत सटही शुल्क तिरी विज्ञापन हुँदै आएको छ। यस्ता कम्पनी नेपालमा दर्ता भएर कानूनीरुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउन सके भारतबाट गर्ने विज्ञापनभन्दा नेपालबाट गर्ने विज्ञापन सस्तो पर्न जान्छ।

"नेपालको हकमा प्राकृतिक व्यक्तिलाई कार्ड जारी हुँदाकै अवस्थामा १५ प्रतिशत टिडिएसबापतको रकम सङ्कलन गर्ने र भ्याट नलाग्ने व्यवस्था गरेमा यसतर्फ सेवाग्राही आकर्षित हुनसक्ने अनुमान गर्न सकिन्छ", राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, "नेपालबाट गरेको आय रकममा पन्ध्र प्रतिशतका दरले मात्र कर सङ्कलन गर्न सके मात्र पनि रू नौ अर्बभन्दा बढी रकम सङ्कलन हुने देखिन्छ।"

राजस्व परामर्श समितिले नै 'आर्थिक वर्ष २०७९/८० को राजस्व नीति र कर सुधारसम्बन्धी प्रतिवेदन २०७९' मा डिजिटल सेवा दिइरहेका सामाजिक सञ्जाललगायत कम्पनीलाई करको दायरामा ल्याउन र अग्रिम कर कट्टी गरेर मात्रै कारोबार गर्ने व्यवस्था लागु गर्न सरकारलाई सुझाव दिएको थियो। "नेपालमा अनलाइन विज्ञापन गर्ने विदेशी प्लाटफर्मलाई आयकर विवरण बुझाउने व्यवस्था लागु गरी करको दायरमा ल्याउने वा अन्यथा भुक्तानीका बखत नै निश्चित प्रतिशतका दरले अग्रिम कर कट्टीका रुपमा राजस्व दाखिला गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।" उक्त प्रतिवेदनमा भनिएको छ।

# एसीसी प्रिमियर कप क्रिकेट : नेपालले ओमानलाई हरायो

काठमाडौँ, ८ वैशाख (रासस)। एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएको आफ्नो दोस्रो खेलमा नेपालले ओमानलाई पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपालले ओमानलाई ८४ रनले पराजित गर्दै विजयी भएको हो। यसजितसँगै दुई खेल खेलेको नेपालले चार अङ्क जोडेको छ। नेपालले आफ्नो पहिलो खेलमा मलेसियालाई ६ विकेटले पराजित गरेको थियो।

खेलमा नेपालले जितको लागि दिएको तीन सय ११ रनको लक्ष्य पच्छ्याएको ओमान ४६ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै दुई सय २६ रनमा समेटियो। ओमानका खेलाडी अकिब इलियास क्रिजमा ब्याटिङ गर्न नआई घाइते भएपछि उनी रिटायर्ट आउट भए र नेपालको जित सुनिश्चित हुन पुग्यो।

ओमानको लागि मोहम्मद नदिमले सर्वाधिक ६५ रनको योगदान दिए। ८४ बल खेलेका उनले सात चौका र एक छक्काको मद्दतमा ६५ रन बनाएका हुन्। यसैगरी सन्दिप गौडले ४६ रनको योगदान दिए भने कस्यप प्रजापतिले २५ तथा फायज बट्ले १९ रन बनाए।

बलिङतर्फ नेपालका सन्दिप लामिछाने र करण केसीले समान तीन/तीन विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले दुई तथा ललित राजवंशीले एक विकेट झारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर तीन सय १० रनको योगफल बनाएको हो। यो नेपालले एक दिवसीय खेलमा हालसम्मकै उच्च योगफल बनाएको हो। यसअघि घरेलु मैदानमा भएको आइसिसी विश्वकप क्रिकेट लिग २ मा नेपालले पपुवा न्युगिनीविरुद्धको खेलमा दुई सय ९७ रन थियो।

नेपालका लागि कुशल मल्लले शतकीय पारी खेले। ६४ बल खेलेका उनले सर्वाधिक एक सय आठ रनको योगदान गरे। उनले १० छक्का र ९ चौकाको मद्दतमा एक सय आठ रनको योगदान गरेका हुन्। खेलको सुरुआती समयमा उत्कृष्ट हुन नसकेको खेलमा नेपालका मध्येक्रमका ब्याटरले राम्रो साझेदारी गरेपछि नेपाल बलियो स्थितिमा पुगेको थियो।

नेपाली टोलीको स्कोर शून्य रनमा रहँदा दुवै ओपनरलाई गुमाएको नेपालले २८औँ बलमा रनको खाता खोलेको थियो। तेस्रो विकेटका लागि कप्तान रोहितकुमार पौडेल र भिम सार्कीले ५४ रनको साझेदारी गरेका थिए। कप्तान रोहितले २३ रन बनाउँदा भिम ३३ रनमा आउट भए।

पाँचौ विकेटका लागि कुशल मल्ल र आरिफ शेखले ७५ रनको साझेदारी गरेका थिए। आरिफ २९ रन बनाउँदै आउट भएका थिए। यसैगरी सोमपाल कामीले ४८ बलमा ६३ रनमा अविजित रहे। सोमपाल कामीले ४९ बलमा ७ चौकाको सहयोगमा अर्धशतक बनाएका हुन। त्यस्तै करण केसीले १५ बलमा २९ रन बनाउँदै अविजित रहे।

बलिङतर्फ ओमानका लागि आयान खानले दुई विकेट लिए भने बिलाल खान, कलिमुल्लाह खान, जिशान मकशुद, फायाज बट र जतिन्दर सिंहले समान एक/एक विकेट झारे।

प्रतियोगिताको समूह 'ए' मा नेपाल, ओमान, कतार, मलेसिया र साउदी अरेबिया छन्। नेपालले आफ्नो तेस्रो खेल सोमबार साउदी अरेबियासँग खेल्नेछ।

त्यस्तै समूह 'बी'मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, कुवेत, बहराइन र सिंगापुर छन्। हरेक समूहबाट शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्।

नेपाली स्पीनर सन्दीप लामिछानेले नेपाली क्रिकेट इतिहासमा नयाँ कीर्तिमान कायम गरेका छन्। उनले कम खेलमा एक सय विकेट लिने विश्वका पहिलो बलर बने। उनले ओमानका खेलाडी अदिल शफिकको विकेट लिएसँगै कम खेलमा एक सय विकेट लिने विश्वको पहिलो बलर बन्न सफल भएका हुन्।

उनले ४२ खेल खेलेर एक सय विकेट पूरा गरेका हुन्। त्यस्तै लामिछाने एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेट खेलमा एक सय विकेट लिने नेपालको पहिलो बलरसमेत बने। अघिल्लो महिना घरेलु मैदानमा भएको आइसिसी विश्वकप क्रिकेट लिग-२ को अन्तिम खेलमा लामिछानेले मोहम्मद वासिमलाई आउट गराएपछि उनको विकेटको संख्या ९९ पुगेको थियो। लामिछानेले सन् २०१८ मा नेदरल्याण्ड्स विरुद्धको एक दिवसीय खेलबाट डेब्यु गरेका थिए।

यसअघि उक्त कीर्तिमान अफगानिस्तानको खेलाडी राशिद खानले बनाएका थिए। खानले सन् २०१५ मा ४४ खेल खेलेर उक्त कीर्तिमान बनाएका थिए।

कुशलको एकदिवसीय खेलमा पहिलो शतक/एकै खेलमा धेरै

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## भारत सरकार सुडानबाट आफ्ना नागरिक फिर्ता लिन तम्तयार

नयाँ दिल्ली, ८ वैशाख, (रासस/सिन्ह्वा)। भारत सरकारले द्वन्द्वग्रस्त सुडानमा रहेका भारतीयहरूको सुरक्षा र उनीहरूलाई बाहिर निकाल्ने वातावरण सुनिश्चित गर्न विभिन्न राष्ट्रहरू र संयुक्त राष्ट्रसंघका एजेन्सीहरूसँग सम्पर्कमा रहेको विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले बिहीबार उल्लेख गर्नु भएको छ। प्रवक्ताले हाल सुडानमा रहेका भारतीयहरूको कति छन् भन्ने बारे स्पष्ट भने भन्नु भएन। बागचीले भने कि निकासी योजनाहरू जमीनमा परिस्थितिहरूमा निर्भर हुनेछ, जुन धेरै तनावपूर्ण रहन्छ। "खार्तुममा हाम्रो मिशन औपचारिक र अनौपचारिक सहित धेरै च्यानलहरू मार्फत त्यहाँ भारतीय समुदायसँग सम्पर्कमा रहेको छ," प्रवक्ताले भन्नु भएको छ।

## सुडानद्वन्द्व : युद्धविरामका लागि बढ्दो बाह्य दबाब

खार्तुम, ८ वैशाख, (रासस/एएफपी)। सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करिब तीन सय जनाले ज्यान गुमाएपछि युद्धविरामका लागि अन्तरराष्ट्रिय समुदायले कूटनीतिक दबाब बढाएको हो। संयुक्त राष्ट्रसङ्घ, अमेरिकालगायत अन्य देशले मुस्लिम समुदायको चाड इद उल फित्रका अवसरमा तीन दिने युद्धविरामका लागि दबाब दिइरहेका छन्।

आरएसएफले मानवीय आधारमा ७२ घण्टाको युद्धविराममा सहमति जनाएको छ तर सेनाका तर्फबाट कुनै प्रतिक्रिया आएको छैन। राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाट भएको युद्धविरामको आह्वानले अस्थायी युद्धविरामको आशा गरिएको छ। बेलायत, युरोपेली सङ्घ, रुस र चीनले पनि तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन्।

शुक्रबार बिहानैदेखि युद्धविराम लागू गर्ने आरएसएफले बताएको छ तर राजधानी खार्तुममा गोली र विष्फोटका आवाज बन्द भएका छैनन्। यसअघि दुई पटक गरिएको युद्धविरामको प्रयास सफल हुन सकेन। सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बललाई सरकारी सेनामा समाहित गर्ने गत वर्ष बुहारन र डगालोबीचको सहमति कार्यान्वयन नहुँदा युद्ध चर्केको हो। सेनाप्रमुख बुहारनले आरएसएफसँगको वार्ताको सम्भावनालाई अस्वीकार गरेका छन्।

राष्ट्रसङ्का अनुसार युद्धको विभिषिकाबाट बच्न करिब २० हजार सुडानी छिमेकी चाडतर्फ पलायन भएका छन्। यसरी आफ्नो थातथलो छाडेर भाग्नेमा महिला र बालबालिका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले द्वन्द्वरत दुवै पक्षलाई कम्तीमा आगामी आइतबारसम्म युद्धविराम गर्न आह्वान गर्नुभएको छ। साथै उहाँले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मी सुरक्षा सुनिश्चित गर्न आग्रह गर्नुभएको छ।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो। सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ।

यसैबीच, करिब एक साताअघि देशमा द्वन्द्व शुरु भएपछिको पहिलो भाषण्मा सेनाप्रमुख बुरहानले नागरिक नेतृत्वको सरकारका लागि आफू प्रतिबद्ध रहेको बताएका छन्। आफ्नो सेना विजयी हुने र त्यसले सुरक्षित रुपमा नागरिक शासन बहाली गराउने उनले वाचा पनि गरेका छन्। सुडानी सेनाले शुक्रबारै एक विज्ञप्ति निकालेर सेनाप्रमुख बुरहानलाई टर्कीए, दक्षिण सुडान तथा इथियोपियाली नेताका साथै अमेरिकी र कतारी विदेशमन्त्रीले फोन गर्नुभएको जनाएको छ।

## टोरन्टो विमानस्थलबाट करोडौंको सुन चोरी

टोरन्टो, ८ वैशाख (रासस/एएफपी)। टोरन्टो पियर्सन अन्तरराष्ट्रिय विमानस्थलबाट करोडौंको सुन चोरी भएको छ। सुन र बहुमूल्य वस्तु राखिएको कार्गो कन्टेनरबाट सुन र अन्य सामग्री चोरिएको अधिकारीहरूले बताएका छन्। कार्गो कन्टेनरबाट दुई करोड क्यानेडियन डलर बराबरको सुनका साथै अन्य बहुमूल्य सामग्री चोरी भएको पुष्टि गर्दै प्रहरीले अनुसन्धान थालेको बताएको छ।

गत सोमबार साँझ विमानबाट मालसामान उतारेपछि कार्गो गरिएको बहुमूल्य वस्तु हराएका क्षेत्रीय प्रहरी निरीक्षक स्टेफिन डुवेस्टेनले बताएका छन्। उनले अनुसन्धान थालिएको बताउँदै दोषीलाई चाँडै कानुनको दायरमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। यद्यपि अहिलेसम्म कसैलाई पक्राउ गरिएको छैन। कार्गो गरेर सुन ढुवानी गर्ने विमानको उद्गमस्थल तथा उक्त कार्गोको अन्तिम गन्तव्यबारे केही खुलाइएको छैन। क्यानडमा चोरीका यस्ता घटना विरलै हुनेगरेका छन्।

# बच्चाको विषयमा झगडा, कुटपिट हुँदा दुई जना घाइते, ट्याक्टर चालक कुटिए

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

सप्तरीको बलानबिहुल गाउँपालिकामा बिहीबार बच्चाको विषयलाई लिएर विवाद पश्चात् झगडा हुँदा एक बालिकासहित दुई जना घाइते भएकी छिन् । यस्तै अर्को घटनामा ट्याक्टर चालक कुटिएका छन् ।

वडा नं. ५ कोदरकट्टि बस्ने ओम प्रकाश यादवकी ३२ वर्षिया श्रीमति सरोदेवी यादव र स्थानिय गंगाराम यादवकी १३ वर्षिया छोरी चन्द्रिका कुमारी यादवबीच बच्चाको विषयलाई लिएर झगडा भएपछि कुटपिट हुँदा दुबै जना घाइते भएकी छिन् ।

प्रहरीका अनुसार सरोदेवीको नाक र मुखमा चोट लागेकोले उपचारका लागि लहान पठाईएको तथा चन्द्रिकाको टाउकोमा चोट लागेको छ । प्रहरीले उक्त घटनामा चन्द्रिकाको बुबा ५६ वर्षिय गंगाराम यादवलाई नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै बिहीबारै जिल्लाको खडक नगरपालिका ५ खरचुईया बजारस्थित ट्याक्टरबाट धुलो परेको विषयमा मोटरसाइकलमा सवार दुई युवकले ट्याक्टर चालकलाई कुटपिट गरेका छन् ।

प्रहरीका अनुसार राजमार्गमा स्थानिय वडा नं. ३ बस्ने २७ वर्षिय भोला मण्डलले ईट्टा भट्टाको ट्याक्टर लिई शम्भुनाथबाट खरचुईयातर्फ आईरहेको अवस्थामा सोहि दिशातर्फ मोटरसाइकलमा सवार वडा नं. १ सिस्वाबेल्ही निवासी २७ वर्षका राज कुमार साह र २८ वर्षका मनोज कुमार साहले धुलो परेको भन्दै ट्याक्टर चालकलाई कुटपिट गरेका छन् ।

कुटपिटबाट चालक मण्डलको दाहिने हातमा चोट लागेकोले स्थानिय मेडिकल खरचुईयामा उपचार भईरहेको तथा राजकुमार र मनोजलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ६६ प्रतिशतले बढ्यो विद्युतीय सवारी आयात

काठमाडौँ, ८ वैशाख (रासस) ।

चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारी साधानको आयात ६६ दशमलव ३९ प्रतिशतले बढेको छ ।

भन्सार विभागका अनुसार समीक्षा अवधिमा दुई हजार चार सय ५१ वटा विद्युतीय सवारी साधान आयात भएको छ । गत आवको सोही अवधिमा एक हजार चार सय ७३ वटा विद्युतीय सवारी आयात भएका थिए ।

विभागको तथ्यांक अनुसार चैतमा मात्रै दुई सय ५३ वटा विद्युतीय सवारी नेपाल भित्रिएका छन् । गत आवको सोही अवधिमा एक सय १६ वटा मात्र विद्युतीय सवारी साधान आयात भएको थियो । विभागका अनुसार समीक्षा अवधिमा सबैभन्दा धेरै भारतबाट आयात भएका छन् । उक्त अवधिमा भारतबाट एक सय किलोवाट क्षमताका एक हजार सात सय ५५ वटा विद्युतीय सवारी आयात भएका छन् ।

भारतपछि सबैभन्दा धेरै विद्युतीय गाडीहरू चीनबाट नेपाल भित्रिएका छन् । चीनबाट एक सय किलोवाट क्षमताका तीन सय ८१, दक्षिण कोरियाबाट एक सय किलोवाट क्षमताका दुई सय ४०, र इन्डोनोसियाबाट तीन वटा विद्युतीय सवारी साधान आयात भएका छन् । यस्तै, दक्षिण कोरियाबाट एक सयदेखि दुई सय किलोवाट क्षमताका २० वटा, चीनबाट ४३, युकेबाट दुई वटा विद्युतीय सवारी नेपाल भित्रिएका छन् । भन्सार विभागका अनुसार चीनबाट दुई सयदेखि ३०० किलोवाट क्षमताका पाँच र बेलायतबाट दुई वटा विद्युतीय गाडी नेपाल भित्रिएका हुन् ।

समीक्षा अवधिमा भारतबाट मात्रै रु चार अर्ब ७१ करोड ९८ लाख बराबरको विद्युतीय सवारी आयात भएका छन् । पछिल्लो समय भारतबाट टाटाको विद्युतीय गाडी नेक्सन र टिगोर इभी र महिन्द्राका गाडीहरू आयात भएका छन् । यस्तै, चीनबाट समा नेटा भी, बीवाइडी, एमजी र टेस्लाका गाडीहरू आयात हुने गरेको छ ।

**सात अर्बका गाडी भित्रिए**

चालू आर्थिक वर्षको नौ महिनामा करिब रु सात अर्ब बराबरका विद्युतीय सवारी साधान नेपाल भित्रिएका छन् । भन्सार विभागका अनुसार चैत मसान्तसम्म दुई हजार ४५१ वटा विद्युतीय सवारी आयातमा रु छ अर्ब ८५ करोड ७९ लाख बाहिरिएको छ ।

विद्युतीय सवारी आयातबाट सरकारले रु एक अर्ब ९३ करोड १३ लाख ५९ लाख राजश्व संकलन गरेको छ । गत आवको सोही अवधिमा रु चार अर्ब २९ करोड ६६ लाख ३१ हजार बराबरको विद्युतीय गाडी आयात भएको थियो । उक्त आयातबाट सरकारले रु एक अर्ब १६ करोड ५५ लाख २० हजार राजश्व संकलन गरेको थियो ।

## *एसीसी प्रिमियर ...*

छक्का प्रहार गर्ने नेपालका पहिलो खेलाडी बने । बायाँ हाते नेपाली युवा ब्याटर कुशल मल्लले एकदिवसीय खेलमा पहिलो शतक प्रहार गरेका हुन् । शुक्रबारको खेलमा छैटौं नम्बरमा ब्याटिङ गर्न आएका मल्लले ५९ बलमा शतक पूरा गरेका हुन् ।

यसअघि नेपालका लागि पूर्वकप्तान पारस खड्का, दीपेन्द्र सिंह ऐरी, रोहित पौडेल र कुशल भुर्तेलले शतक प्रहार गरिसकेका छन् । मल्लले सन् २०२० मा घरेलु मैदानमा आयोजना भएको विश्वकप क्रिकेट लिग दुई अन्तर्गत अमेरिका विरुद्धको खेलबाट डेब्यु गरेका थिए ।

त्यस्तै उनले नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितको एकै खेलमा सर्वाधिक छक्का हान्ने पहिलो खेलाडीसमेत बनेका छन् । उनले ओमानविरुद्धको खेलमा ६४ बलमा ९ चौका र १० छक्का प्रहार गरे । उनले एक सय आठ रनको शतकीय पारी खेलेका थिए ।

अन्तर्राष्ट्रिय खेलमा नेपालका अन्य कुनै ब्याटरले १० छक्का प्रहार गर्ने सकेका छैनन् । यसअघि नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेटमा कप्तान पारस खड्का र ज्ञानेन्द्र मल्लले एकै खेलमा समान ९ छक्का प्रहार गरेका थिए ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.
**MY JALPA SAVING & CREDIT CO-OPERATIVE LTD**
**इटहरी विष्णुपुर-९, सप्तरी, नेपाल**

### धितोमा रहेको सम्पती लिलाम बिक्री गर्ने बारे ७ (सात) दिने अत्यन्त जरूरी सूचना
**(दोश्रो पटक प्रकाशित मिति २०८०/०१/०८ गते**

तपशिलमा उल्लेखित ऋणी यस माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. ईटहरी विष्णुपुर-९, सप्तरीबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सुचना र पत्रद्वारा ताकेता गर्दा तथा मिति २०७९/०९/०७ गतेको **राजविराज दैनिक पत्रिकामा** कर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित तमसुक बनाएर समूह जवानीमा लिएको रकम हालसम्म साँवा, ब्याज चुक्ता गर्न नआएको हुनाले यो पत्र दोश्रो पटक हुलाकद्वारा १५ (पन्द्र) दिन भित्र साँवा, ब्याज र हर्जना समेत नतिर्दा निजहरुको घरघराना, चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरि लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन बमोजिम कालो सूचीमा समावेश गरिने ब्यहोरा यसै सूचनाद्वारा सुचित गराइन्छ ।

**तपसिल**

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:

| क्र.स. | जग्गा धनीको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १. | नाम: लक्ष्मी देवी राय<br>बुवा: रितीलाल राय<br>बाजे: सियाला राय | इटहरी विष्णुपुर-६क<br>इटहरी विष्णुपुर-६क | ४४<br>१३०३ | ०-०-१२<br>०-०-८ १/२ |

समूह लगानीमा ऋण नतिरेको ऋणीहरुको नाम यस प्रकार रहेका छन्

| क्र.स. | ऋणी नाम | ठेगाना | मोवाइल नं. |
|---|---|---|---|
| १. | नाम: रेणु देवी दास<br>बुवा: हरि नारायण दास<br>बाजे: सुभक दास | राजविराज न.पा.-६<br>खर्साल टोल | ९८२१७०८८४६ |
| २. | नाम: सविता देवी साह<br>बुवा: राम नरेश साह<br>बाजे: भरत साह | राजविराज न.पा.-६<br>खर्साल टोल | ९८०५९६९१५३ |
| ३. | नाम: अनुरागी देवी शर्मा<br>बुवा: रामफल शर्मा<br>बाजे: नेवालाल शर्मा | राजविराज न.पा.-६<br>खर्साल टोल | ९८०४७३३७६८ |
| ४. | नाम: रेणु देवी झा<br>बुवा: हरेराम झा<br>बाजे: राम नारायण झा | राजविराज न.पा.-६<br>खर्साल टोल | ९८१९९२२४४३ |
| ५. | नाम: गुलशन खातुन<br>बुवा: नबुदा मोहम्मद<br>बाजे: मो. मबिबुल | राजविराज न.पा.-९<br>विहारपुर टोल | ९८११७९२९३२ |
| ६. | नाम: सरिता झा | राजविराज न.पा.-६<br>खर्साल टोल | ९८०४७१३६७७ |
| ७. | नाम: मिनादेवी राय<br>श्रीमान: अरबिन्द राय | विष्णुपुर गापा ६ | ९८००९२९५८८ |
| ८. | नाम: लक्ष्मीदेवी राय | विष्णुपुर गापा ६ | ९८१९७२८९७८ |
| ९. | नाम: ललित राय | विष्णुपुर गापा ६ | ९८२३४५४५८८ |
| १०. | नाम: किरण कुमारी देव | राजविराज नपा | ९८०४७३६९०९ |
| ११. | नाम: संजु देवी झा | राविनपा, खर्साल टोल | |

..................
**ब्यवस्थापक**
**महेश कुमार यादव**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME
International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*